नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

## आठविसकोट रुकुम (पश्चिम)

प.सं.- २०८२/०८३
चलानी नं. ९४

मितिः-२०८२।०४।१९

श्री आठबिसकोट नगरपालिका,
रुकुम (पश्चिम) ।

विषयः- सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने आठबिसकोट नगरपालिका (१-१४) वटै वडाहरुलाई घरजग्गा कारोबार सिफारिस गर्दा तपशिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपशिलः-

१. घरबाटो प्रमाणित सिफारिस गर्दा जग्गा कुन भु-उपयोग क्षेत्र (आवासिय, कृषी ,व्यवसायिक ,वन र वगर) भित्र पर्दछ सो समेत किटान गरी सो घर/जग्गामा बाटो छ भने वर्गिकृत बाटो कुन पर्दछ कति मिटर भित्र वा वरिपरि पर्दछ सो समेत स्पस्ट किटान गर्नुपर्ने। सो जग्गामा घर पर्दछ भने कच्ची वा पक्की कुन पर्दछ सो समेत उल्लेख गरी सिफारिस गर्ने ।
२. घर बाटो प्रमाणित सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले छुट्टै अभिलेख खडा गरी जग्गा दिने (वेच्ने) र जग्गा लिने (किन्ने) को विवरण तिनपुस्ते सहित फोटो समेत प्रमाणित गरी अभिलेख व्यवस्थित गरी राख्ने ।
३. अंशवण्डा/ अंशभरपाई को सिफारिस गर्दा सम्पूर्ण अंशियार कति छन को को हुन ? क-कसले अंश लिने हो स्पस्ट किटान गरी खुलाई पठाउने ।
४. जग्गा नामसारी (मृतकको जग्गा) को सिफारिस गर्दा सबैभन्दा नजिकको हकदार को हुन ? नाम समेत किटान गरी संयुक्त नामसारीको लागी सिफारिस गर्ने। कम्तिमा ३ जना सम्बन्धित जग्गाधनी लाई नजिकबाट चिन्ने सोही वडाका व्यक्तिहरुलाई राखी वडा अध्यक्षको रोहवरमा वडा सर्जमिन मुचुल्लका समेत गरी पठाउने ।
५. नाता प्रमाणित गर्दा तिनपुस्ते सहितको विवरण प्रमाणित गर्ने ।
६. घर/जग्गा कारोबार गर्दा जग्गा दिने (वेच्ने) व्यक्ति को तर्फबाट कम्तीमा १ जना साक्षी समेत (नजिकको व्यक्ति) लाई नागरिकता सहित मालपोत कार्यालयमा पठाउने ।
७. १८ वर्ष मुनिका नावालक र ७० वर्ष पुगेका ज्येष्ठ नागरिक को नाममा रहेको घरजग्गा को कारोबार गर्नुपर्ने भएमा अनिवार्य अंशियार साक्षी खुलाई मालपोत कार्यालयमा पठाउने
८. कर्णाली प्रदेश आर्थिक ऐन,२०८२ वमोजिम राजस्व छुट पाउने भनि तोकिएका सेवा ग्राहीको हकमा सोही वमोजिम छुट सिफारिस गर्ने ।

श्री प्रशासन
वडा कार्यालयलाई
जानकारी हुन

आठविसकोट नगरपालिका
दर्ता नं: ६४
दर्ता मिति: २०८२/०४/२०

२०८२।०४।१९
खिममान घर्ती
कार्यालय प्रमुख

स्थानीय सरकार
आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५१४००५
९८६०८१०५७४

पत्र संख्या: २०८२/०८३ (सूचना प्रविधि शाखा)
चलानी नम्बर : 940

मिति: २०८२/०४/२० गते
११४५ गुंलाथ्व एकादशी- मंगलबार

विषय: जानकारी सम्बन्धमा।

श्री वडा कार्यालय सबै ,
आठविसकोट नगरपालिका रुकुम (पश्चिम भाग)।

प्रस्तुत विषयमा मालपोत कार्यालय रुकुम (पश्चिम भाग) को च.नं. १४ मिति २०८२/०४/१९ को घर जग्गा सिफारिस सम्बन्धी पत्र यसै साथ संलग्न छ। विस्तृत जानकारी संलग्न पत्र बाट अवगत भई सोहीनुसार गर्नु गराउनु हुन अनुरोध छ।

2082/08/20

इन्द्र बहादुर विष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत